Received Date: Sept. 2023 Revised: Nov. 2023 Accepted: Dec. 2023

# नेपालको विकासमा सांस्कृतिक पर्यटनको महत्व र सरकारी प्रयास: एक अध्ययन

शिला पोख्रेल गौतम, उप प्राध्यापक
प्रमुख, संस्कृति विभाग पाटनसंयुक्त क्याम्पस
(त्रिवि) पाटन ढोका, ललितपुर
Email: shilapokhrel07@gmail.com

*Doi: https://doi.org/10.3126/pragya.v12i02.64215*

**लेखसार**

*अठारौँ शताब्दीदेखि विश्वमा सुरु भएको पर्यटन क्षेत्रको विकास सन् १९५१ मा भएको राजनैतिक परिवर्तन पश्चात नेपालमा आधुनिक पर्यटनको विकासको शुरुआत भएको मानिन्छ। अहिले देशको आर्थिक विकासको मेरुदण्डको रूपमा रहेको पर्यटन क्षेत्रलाई* ***उद्योग****को रुपमा मान्यता दिएर विकास गरिरहेको छ भने विदेशी मुद्रा आर्जनको एउटा मुख्य श्रोतको रूपमा पनि विकसित हुँदैछ। पर्यटनको विषय जहाँ जोडिन्छ त्यहाँ प्राकृतिक सुन्दरता, प्राचीन कला, संस्कृति र पूर्वाधारको विकास अवश्य जोडिन्छ। हाम्रा बहुआयामिक सांस्कृतिक सम्पदाहरू जसलाई संयुक्त राष्ट्रसङ्घीय शैक्षिक वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) ले सूचीकृत गरी सांस्कृतिक पर्यटनलाई विश्व सम्पदा जोगाउने माध्यमको रूपमा लिइएको छ। सन् २०१६ देखि नेपालमा निरन्तर बढदै गएको पर्यटकहरूको सङ्ख्या सन् २०१९ मा उच्च स्थानमा पुगेको थियो तत्पश्चात् सन् २०२० को कोराना महामारी पछि तीव्र गतिमा ओरालो लागेको थियो र गत वर्ष सन् २०२२ देखि पुनः सुधार उन्मुख देखिन्छ। नेपालमा सांस्कृतिक पर्यटनको विकासलाई थप सुदृढ़ गर्न हाम्रा नीति, नियम तथा ऐन, कानुनको निर्माण र हाम्रो सभ्यता, संस्कार, भेष भूषा, चाड पर्व, भाषा, परम्परा तथा जात्राहरू बहुआयामिक रहेका छन्। हाम्रा प्राचीन ऐतिहासिक, पुरातात्त्विक सम्पदाहरु तथा संस्कृतिको संरक्षण र संवर्द्धनले गर्दै पर्यटन प्रवर्धनको लागि गरिने तत्कालीन पूर्वाधार विकास, कार्यक्रम र योजनाहरू देश विकासको लागि एउटा महत्वपूर्ण आधार हुन।*

**शब्दकुञ्जी:** विकास, सांस्कृतिक पर्यटन, विश्व सम्पदा सूची

## भूमिका

नेपालको विकासमा पर्यटन क्षेत्रको योगदान महत्वपूर्ण रहेको छ। हाम्रा प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरु र प्राचीन पुरातात्त्विक महत्वका स्थलहरूको प्रचुरताले सांस्कृतिक पर्यटनका संभावनालाई सदा उच्च बनाई रहेको हुन्छ। हाम्रा परम्पराहरु, मान्यताहरु, रीति रिवाजहरु, भाषा, कला, संस्कृति, भेष-भूषा तथा सामाजिक मूल्य मान्यताहरू बहुआयामिक छन्। हाम्रा पर्यटकहरु प्रति गरिने स्वागत, सत्कार र सदभाव सारै सरल र सुसंस्कृत रहेका छन्। हाम्रा संपदाहरुको विशिष्टताको कारण सम्पदाहरुको संरक्षणमा विश्वकै ध्यान आकृष्ट भएको पाइन्छ। हाम्रो देशको आर्थिक विकासको प्राथमिकतामा पर्यटन क्षेत्र उच्च स्थानमा रहेको छ भने पर्यटन क्षेत्रको विकासमा सांस्कृतिक पर्यटनको आफ्नै महत्व रहेकोछ। देशको समुच्च पर्यटन क्षेत्रको विकासको आधार नै सांस्कृतिक पर्यटनको विकासलाई मानिन्छ । नेपालमा आउने पर्यटकहरु अधिकांस रुपमा बिदाको समयमा घुम्न आउने नै हुन्छन् भने केहि 6«]lsª तथा पर्बतारोहण, केहि धार्मिक तिर्थस्थलको दर्शन तथा अवलोकन, केही हाम्रो संस्कृति परम्परा तथा हाम्रा सम्पदाहरु को अवलोकन गर्न आउछन् र केहि अन्य विविध उद्देश्यले आउने गर्दछन्।

तथापि नेपालमा आउने पर्यटक जुन सुकै उद्देश्यले आए पनि हाम्रो कला, संस्कृति,परम्परा, भेषभूषा, पुरातात्त्विक सम्पदाहरु, स्मारकहरु हेरेर रमाएरै जाने गर्दछन्। जसले हाम्रो सांस्कृतिक पर्यटनको महत्वलाई झन बढदै गएको मान्न सकिन्छ।

**लेखको उद्देश्य**

यस लेखको सामान्य उद्देश्य नेपालमा सांस्कृतिक पर्यटनको विकासले समष्टिगत रूपमा देशको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ भन्ने बारे अध्ययन गर्ने रहेको छ भने विशिष्ट उद्देश्य देहायबमोजिम रहेको छ . नेपालमा सांस्कृतिक पर्यटन विकास बारे संक्षिप्त अध्ययन गर्ने, विश्व सम्पदा सूचीमा नेपालका सम्पदाबारे जानकारी लिने, सांस्कृतिक पर्यटनको प्रवर्धनमा सरकारी नीति बारे संक्षिप्त अध्ययन गर्ने र विकास र संस्कृतिको सम्बन्ध बारे संक्षिप्त अध्ययन गर्ने ।

**नेपालमा पर्यटनको विकास**

विश्व पर्यटनको इतिहासमा 21 औं शताब्दीलाई पर्यटनको सुनौलो युग मानिन्छ । विशेष गरि सन् १९४३ देखि सन् १९७३ सम्मको ३० वर्षको अवधिमा पर्यटन क्षेत्रमा विश्वमा उल्लेखनीय प्रगति भएको मानिन्छ। नेपालमा पर्यटन विकासको सम्बन्धमा प्रागैतिहासिक युगदेखि काठमान्डौ उपत्यका लगाएत बर्तमान नेपालको राजनैतिक सिमा भित्र विभिन्न उद्देश्यले चिन, तिब्बत तथा भारतबाट नेपालतर्फ यात्रा वा आवागमन गर्ने विदेशीलाई अनौपचारिक रुपमा पर्यटनको सुरुवात मान्न सकिन्छ। विभिन्न ऐतिहासिक, सांस्कृतिक, धार्मिक, श्रोतहरुमा यस्ता प्रसङ्गहरुको उल्लेख गरिएको पाइन्छ।आधिकारिक रुपमा सन् १९५० बाट विदेशी पर्यटकका लागि नेपालमा आवासीय भिषा दिन थालिएको हो। सोहि वर्ष फ्रेन्च नागरिक मरिस हर्जोग र लुइस लाकनलले पर्यटकको रुपमा अन्नपूर्ण हिमालको सफल आरोहण गरेपछि नेपालमा पर्यटन क्षेत्रको ढोका खुलेको मान्यता छ। तर पनि सन् १९५१ मा भएको राजनैतिक परिवर्तन पश्चात नेपालमा आधुनिक पर्यटनको विकासको शुरुआत भएको मानिन्छ। सन १९५३ मा विश्वकै सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण पछि ६० को दशकमा नेपालका अधिकांश प्रमुख हिमालहरूको आरोहण भएका हुन् (पन्त, २०६८: ७,८)। युरोपेली आरोहीहरूको यो सफलताले नेपाललाई विश्वसामु चिनाउन महत्त्वपूर्ण भूमिका खेलेको मानिन्छ। नेपालका सर्वोच्च शिखरहरु तथा प्रकृतिक सम्पदाहरु, धार्मिक तथा सांस्कृतिक सम्पदाहरु तथा यहाँको बहुआयामिक कला, संस्कृति देखेर पर्यटकहरुको आकर्षण नेपालमा बढन थालेको मानिन्छ।

यसरी नेपाल सरकारले पर्यटनलाई महत्त्वपूर्ण आयश्रोतको संभावना देखेर पर्यटनको विकास र प्रवर्धनको लागि चाहिने पुर्वाधारहरुको निर्माणमा सरकारले बढी चासो राखेको पाइन्छ। फलस्वरुप हवाई यातायात, सडक यातायात, संचार आदिको विस्तार गर्नुको साथै वि.सं २०१३ सालमा तयार गरिएको पंचवर्षिय योजनामा पर्यटन विकासको अवधारणालाई समाबेस गरेको पाइन्छ। त्यसै गरी वि.सं २०१४ मा उद्योग तथा बाणिज्य मन्त्रालय अन्तर्गत पर्यटन विकास समिति र पर्यटन बोर्डको गठन गरिएको थियो । त्यसैगरी वि.सं २०१८ सालमा पर्यटन विभागको पनि स्थापना गरिएको थियो। विभागको स्थापना पश्चात पर्यटनको डेटा बेसको रुपमा तथा पर्यटनको प्रवर्धनको कार्य सुरु भएको पाइन्छ। वि.सं २०१९ मा उपत्यका बाहिर समेत पर्यटन सुचना केन्द्रहरु खोलिएका थिए। यस पछि नेपालका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सौन्दर्यका स्थानका रुपमा रहेका सहरहरुलाई पर्यटन स्थलको रुपमा विकास गरि आवासिय सुविधाहरुको लागि पुर्वाधारहरुको समेत विकास गरिएको थियो। यसका साथै पर्यटन सम्बन्धित पाठ्य सामाग्रीहरु तयार गरी नियम, कानुन तथा विभिन्न gLltx? समेत तयार गरिएको थियो। यसरी पर्यटन क्षेत्रलाई प्रभावकारी विस्तार गर्न पहिलो पटक वि.सं २०३४ सालमा पर्यटन मन्त्रालय गठन गरी तत्पश्चात् २०३५ सालमा पहिलो पटक "पर्यटन ऐन २०३५" कार्यान्वयन मा ल्याइएको थियो। उक्त ऐन वि.सं २०७५ सालमा सातौ संसोधन गरी हाल सम्म कायम रहेको पाइन्छ ।

नेपालमा पर्यटन प्रवर्धनको लागि सन् १९९८, सन् २०११ र सन् २०२० मा पर्यटन वर्ष मनाइएको थियो। सन् २०२० मा घोषित पर्यटन वर्ष विश्वव्यापी कोरोना महामारी को कारण सफल हुन सकेन अघिल्लो वर्षको तुलनामा ८१ प्रतिशत पर्यटक

संख्यामा गिरावट आएको थियो। पर्यटन मन्त्रालय द्वारा प्रकाशित तथ्याङ्क तथा आर्थिक सर्बेक्षण २०७९/८० मा उपलब्ध तथ्याङ्क अनुसार सन २०१६ देखि २०१८ सम्म पर्यटक संख्यामा लगातार वृद्धि हुदै गएको देखिन्छ भने २०१९ मा कोरोना महामारीको कारण २% मात्र वृद्धि भएको देखिन्छ। सन २०१९ को तुलनमा सन २०२० मा ८१ प्रतिशत ह्रास आएको, २०२१ मा ८७ प्रतिशत ह्रास आएको देखिन्छ भने २०२२ मा मात्र ४९ प्रतिशत ह्रास आएको देखिन्छ। नेपालमा पर्यटकहरुको औसत बसाइ दिन सन् २०१० मा १२.६७ रहेकोमा सो को दश वर्ष पछि सन् २०२० मा १५.१० दिन् पुग्न गएको छ। सन् २०१९ मा भारतबाट स्थल मार्ग भई आउने बाहेक नेपालमा ११,९७,१९१ पर्यटक आएकोमा भारत बाट २५४१५० जना २१.२० प्रतिशत, चिनबाट १६९५४३ जना १४.२o प्रतिशत, अमेरिकाबाट ९३२१८ जना ७.१८ प्रतिशत, बेलायतबाट ६११४४ जना ५.१० प्रतिशत, श्रीलङ्काबाट ५५८६९ जना ४.७० प्रतिशत, अस्ट्रेलियाबाट ३८९७२ जना ३.३० प्रतिशत, जर्मनि बाट ३६६४१ जना ३.१० प्रतिशत, बर्माबाट ३६२७४ जना ३.०० प्रतिशत त्यस्तै फ्रान्स , जापान, दक्षिण कोरिया, बंगलादेश उल्लेख्य संख्यामा पर्यटकहरु आएको देखिन्छ। २०१९ को रेर्कड अनुसार नेपाल आउने पर्यटकहरु मा ६५ प्रतिशत विदा मनाउन घुम्न, १७ प्रतिशत ट्रेकिङ तथा पर्वतारोहणमा, १४ प्रतिशत तिर्थयात्री र अन्यमा ४ प्रतिशत उल्लेख गरेको देखिन्छ। तर सांस्कृतिक पर्यटकको रूपमा कति आए भन्ने उल्लेख गरेको देखिदैन। बाह्य पर्यटक सन्दर्भमा विभिन्न रेकर्डहरु राखिएकोमा आन्तरिक पर्यटकको खासै स्पस्ट रेकर्ड कहि देखिदैन। नेपालका प्रमुख गन्तव्य मध्ये लुम्बिनी अग्रस्थानमा रहेको छ। सन २०२२ मा मात्र लुम्बिनिमा भ्रमण गर्ने नेपाली पर्यटक ६ लाख ४९ हजार थिए भने जम्मा ९ लाख ४ हजारले लुम्बिनी भ्रमण गरेको देखिन्छ। यसरी जुनसुकै रुपमा भए पनि देशमा पर्यटक भित्रिदा देशको विकासमा टेवा पुग्ने कुरामा कुनै शङ्का देखिदैन। (Nepal Tourism statistics, 2022: 19)

## नेपालमा सांस्कृतिक पर्यटन

कुनै देश वा स्थानका मानिसहरुको ऐतिहासिक, संस्कृतिक तथा पुरातात्त्विक धरोहरहरु लगाएत कला, संङ्गित तथा साहित्यका बारेमा अध्यन अवलोकन अनुसन्धान गर्न आउने पर्यटकहरु सांस्कृतिक पर्यटनको क्षेत्र भित्र पर्दछन। यस्ता पर्यटकहरुले ऐतिहासिक सांस्कृतिक पुरातात्त्विक अवशेषहरु खोज तथा अन्वेषण गरेर विश्वव्यापि महत्व दर्शाउने कार्य समेत गर्दछन्।हरेक देशमा आ-आफ्नो संस्कृति हुन्छ। सांस्कृतिक पर्यटन सबै गन्तव्यहरूको लागि विकासको विकल्पको रूपमा पनि लिन सकिन्छ। किनभने समाजमा सांस्कृतिक विकासको माग बढ्दै जाँदा, सार्वजनिक क्षेत्रमाथि थप र अधिक सांस्कृतिक सुविधाहरूलाई समर्थन गर्ने दबाब पनि बढ्दै गएको हुन्छ। यो प्राप्त गर्नको लागि पर्यटन क्षेत्रबाट बाह्य आय स्रोतहरू खोज्ने माध्यम पनि हो। र यसले पर्यटनको विकास गर्दै संस्कृति संरक्षणमा श्रीवृद्धि गर्न सघाउने गर्दछ। (ग्रेस,रिचर्डस, २००७)। संयुक्त राष्ट्रसङ्घीय शैक्षिक वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) ले सांस्कृतिक पर्यटनलाई विश्वसम्पदा जोगाउने उपाय मानेको छ। युरोपेली आयोगले सांस्कृतिक पर्यटनलाई महत्वपूर्ण उद्योगको दर्जा दिएको छ। यी दुई संस्थाले सांस्कृतिक पर्यटन बारे गरेको ठहर ज्यादै महत्वपूर्ण मानिन्छ।

नेपाललाई अविरल चाडपर्वहरूको देश पनि भनिन्छ, किनभने चाडपर्वहरू नेपाली जीवनको एक प्रमुख पक्ष हो जसमा सबै उत्साहका साथ सहभागी हुन्छन्। हरेक हप्ता देशका विभिन्न भागमा स्थानीय वा राष्ट्रिय स्तरमा मानिसहरूले चाडपर्व मनाउँछन्। भौगोलिक र जातीय भिन्नताका आधारमा विभिन्न मानिसहरूका धार्मिक रीतिरिवाज, जीवन शैली, चाडपर्व, खानपान, लुगाफाटा र भाषाहरू फरक-फरक हुन्छन्। नेपाली संस्कृतिको एउटा उल्लेखनीय विशेषता भनेको यी भिन्नताहरूका बीचमा पनि निरन्तर मेलमिलाप हुनु हो। यस्तै सांस्कृतिक बिबिधता तथा सहिष्णुता हाम्रो सांस्कृतिक पर्यटनको आकर्षण हो (श्रेष्ठ, २०००: ५)। नेपालको सन्दर्भमा सांस्कृतिक पर्यटनले कति ठुलो हिस्सा ओगटेको छ भन्ने बारे अहिले सम्म यकिन आँकडा भेटिँदैन। तथापि नेपाल सांस्कृतिक हिसाबले अत्यन्तै धनी देश भएको कारण सांस्कृतिक पर्यटनका दृष्टिले अत्यन्तै सम्भावनायुक्त देश रहँदै आएको मान्न सकिन्छ।

बि. सं. २०७८ को राष्ट्रिय जनगणना प्रतिबेदन अनुसार नेपालमा १४२ जातजाति छन्, दर्जनौ धर्मावलम्बी छन्, त्यत्तिकै सङ्ख्यामा भाषा, संस्कृति, विशिष्ट जीवनशैली, रहनसहन, भेष-भूषा, सामाजिक मूल्य मान्यताहरू रहेका छन्। संसारका मानिसहरूलाई अनौठो, आकर्षक र रमाइलो लाग्ने कयौँ संस्कृतिहरू हाम्रो देशमा रहेका छन् । नेपाल सांस्कृतिक विविधताले भरिपूर्ण रहेको छ । तिनलाई पूर्ण रूपमा अझै पर्यटनसँग जोड्न सकिएको छैन । पर्यटकिय आकर्षण गन्तव्यको मुल थलो बनाउन सकिएको छैन । नेपालमा पर्यटकिय सम्भावनाका महत्त्वपूर्ण क्षेत्रहरू मध्ये सांस्कृतिक पर्यटन एक महत्त्वपूर्ण क्षेत्र हो । प्राचीनकालमा विदेशी तिर्थयात्रीहरूले गरेका वर्णनले यहाँको सांस्कृतिक पर्यटनको महत्त्व युगौँ अघि नै उजागर भइसकेको पाइन्छ । प्राकृतिक तथा सांस्कृतिक सम्पदाको धरोहर मानिने नेपाल ऋषिमुनिहरूको तपोभूमिको रूपमा समेत चित्रण हुँदै आएको छ । यस सँगै यहाँको विविधतापूर्ण भूगोल, सांस्कृतिक विविधता, जैविक विविधता, पूरातात्त्विक तथा धार्मिक महत्वका स्थलहरूको प्रचुरताले सांस्कृतिक पर्यटनका लागि नेपाल उपयुक्त गन्तव्यको रूपमा अगाडि बढ्दै गएको छ। नेपालमा आउने पर्यटकहरु जुन सुकै उद्देश्यले आए पनि यहाँको कला संस्कृति ऐतिहासिक धरोहर को अवलोकन उनिहरुको प्राथमिकतामा परेको हुन्छ।

**विश्व सम्पदा सूचीमा नेपालः**

सन १९७२ मा १८३ राष्ट्रले अनुमोदन गरेको संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक, सांस्कृतिक संगठन (युनेस्को) विश्व सम्पदा महासन्धिमा विश्वका १८३ राष्ट्रले अनुमोदन गरेको उक्त महासन्धीमा जम्मा विश्वका ८५१ स्थान सूचीकृत भएका छन् । ति मध्ये ६६० सांस्कृतिक, १६६ प्राकृतिक र २५ मिश्रित छन्। सन् १९७९ देखि नेपालका ८ स्थानहरु; १ पशुपति क्षेत्र, २ हनुमान ढोका दरबार क्षेत्र, ३ स्वयम्भूनाथ स्तुप, ४ बौद्धनाथ महाचैत्य, ५ पाटन दरबार क्षेत्र, ६ भक्तपुर दरबार क्षेत्र ७ चाँगुनारायण मन्दिर र ८ बुध्द जन्मस्थल लुम्बिनी। विश्व सांस्कृतिक सम्पदाको सूचीमा सूचीकृत भएका छन् भने सगरमाथा र चितवन राष्ट्रिय निकुन्ज विश्व प्राकृतिक सम्पदा सूचीमा सूचीकृत भएका छन्। विश्वमै उदाहरणीय र अतुलनिय रूपमा आफ्नो महत्व बोकेका स्थलहरूलाई आगामी पुस्ताहरुको लागि जीवित राख्ने उद्देश्यले युनेस्कोले थालेको निगरानी र संरक्षण भित्र नेपालका उपरोक्त १० स्थल पर्नु नेपालकै लागि निक्कै गौरबको कुरा मानिन्छ। बेलायतको लण्डन सहर, भारतको ताजमहल, फ्रान्सको पेरिस, रूसको मस्को, चीनको तिब्बत र विशाल पर्खाल लगायतका सूचीमा नेपालका काठमाडौं, भक्तपुर र पाटन लगायत उपर्युक्त १० स्थल पर्नुले नेपालमा पर्यटन विकासको सम्भावना विश्वमा झनै महत्त्वपूर्ण देखिन्छ। यसले गर्दा नेपालप्रति विश्वका नागरिकको चासो झनै बढ्न गएको छ । विश्व सम्पदा सूचीमा परेका स्थलहरूको सुरक्षा सम्बन्धित देशको मात्रै नभएर विश्वकै जिम्मेवारी भित्र रहन्छ । त्यसैले नेपालका उपरोक्त १० धरोहरको संरक्षणलाई विश्वकै जिम्मेवारी भित्र पार्नु नेपालका लागि अति नै सकारात्मक पक्ष हो । हाम्रा यी सम्पदाहरूमध्ये अधिकांश अहिलेका भौतिक विकासका प्रतिफल होइनन्, प्राचीन कालदेखिका धरोहर हुन् भने कतिपय प्रकृतिका अनुपम देन हुन् । हामीलाई त यी धरोहरलाई केवल संरक्षित गर्नसक्ने क्षमताको खाचो छ। नेपालले पनि कानुनतः आफ्ना प्राचीन स्मारकहरुलाई संरक्षण गर्न २०१३ सालमा "प्राचीन स्मारक संरक्षण ऐन २०१३" जारी गरेको थियो २०७५ सम्म यो ऐन दशौ पटक संसोधन गरी समयानुकुल बनाइएको छ।

## सांस्कृतिक पर्यटन प्रवर्धनमा सरकारी नीति

पर्यटन नीति पर्यटनको विकासकोलागि सरकारले तयार गर्ने मार्गनिर्देशन हो। यसमा पर्यटनसंग आवद्ध सबै साझेदारहरुको भूमिका स्पस्ट पारिएको हुन्छ। यसले पर्यटन प्रवर्धनको लागि दिशा निर्देश गर्दछ। त्यसै गरी हाम्रा भौतिक अभौतिक सम्पदाहरु, हाम्रा भाषाभाषी, जात जातिहरुको संस्कृतिको भूमिका सांस्कृतिक पर्यटनको विकासमा महत्त्वपूर्ण रहेको छ। यो तथ्यलाई हाम्रो संस्कृति नीतिमा महत्व दिएको देखिन्छ। नेपालको संविधानको धारा ५१ मा राज्यका विभिन्न नितीहरुको बारे उल्लेख गरिएको मा सोही दफाको उपधारा(ठ) मा  पर्यटनसम्बन्धी नीति अन्तर्गत "नेपालका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्त्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्धन एवं प्रचार प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रूपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं

नीतिनिर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने" भनि स्पस्ट रुपमा उल्लेख गरी सांस्कृतिक पर्यटनको महत्वलाई संवैधानिक मान्यता दिएको देखिन्छ।(नेपालको संविधान, २०७२: २९)

त्यस्तै नेपाल सरकारले तयार पारेको 'पर्यटन नीति, २०६५' ले सांस्कृतिक पर्यटनलाई महत्व दिएको मानिन्छ। उक्त नीतिको बुँदा नं ६. (क) अन्तर्गत दीर्घकालीन दृष्टिकोण तथा लक्ष्यमा "दीर्घकालीन दृष्टिकोणः नेपालका प्राकृतिक, सांस्कृतिक, जैविक एवं मानवनिर्मित सम्पदाहरूको संरक्षण तथा प्रवर्धन गर्दै नेपाललाई विश्व मानचित्रमा आकर्षक, रमणीय र सुरक्षित गन्तव्यस्थलको रूपमा विकास गर्नु पर्यटन क्षेत्रको दीर्घकालीन दृष्टिकोण (Vision) हुनेछ" भनेर उल्लेख गरेको छ। त्यसै गरी पर्यटन नीति २०६५ को बुँदा नं ७ को उद्देश्यमा स्पष्ट रुपमा सांस्कृतिक पर्यटनलाई नसमेटिए पनि सोही बुँदाको खण्ड (ख)मा देशका मूर्त–अमूर्त प्राकृतिक, सांस्कृतिक, जैविक तथा मानव निर्मित सम्पदाको खोज, संरक्षण, सम्वर्धन एवं विकास गरी नेपाललाई पर्यटकीय दृष्टिले आकर्षक र प्रमुख गन्तव्य स्थलका रूपमा विकास गर्ने भन्ने उल्लेख गरेको देखिन्छ।त्यसै गरी नेपालको राष्ट्रिय संस्कृति बारे "राष्ट्रिय संस्कृति नीति २०६७" को बुँदा १.३ मा "वर्तमान नेपालको सीमाभित्र इतिहासको विभिन्न कालखण्डमा बसोबास गरेका विभिन्न मानव समुदाय वा मानव समुदायहरुले सिर्जना गरेर छाडेका र हाल बसोबास गरिररहेका हाम्रा विभिन्न जाति एवं समुदायको पूर्खाहरुले सिर्जना र अवलम्बन गरी हामीलाई जिम्मा लगाएर गएका भौतिक, अभौतिक, सम्पदाहरु र त्यस अनुरुपको जीवन शैलीको समष्टिगत रुप नै नेपालको राष्ट्रिय संस्कृति हो" भन्ने उल्लेख गरेको छ। यसरी नेपालको संस्कृति तथा पर्यटन सम्बन्धि नीति नियम तथा कानुनहरुले पनि विकास र सांस्कृतिक पर्यटनलाई जोडेर हेरेको देखिन्छ।

**विकास र** संस्कृति**को सम्बध:**

देशको विकासमा संस्कृतिको विकासको महत्त्वपूर्ण भूमिका रहन्छ। संस्कृतिको आधार भनेको समाज हो र समाजको विकास नै संस्कृतिको विकास हो भने संस्कृतिको विकास नै समाजको विकास हो। जव सम्म हाम्रो कला, संस्कृति, संस्कार तथा मानवियताको विकास हुँदैन तबसम्म भौतिक रुपमा गरिएको विकासको औचित्य पुष्टि हुन सक्दैन। हाम्रा संस्कृतिहरु हाम्रो समाजका गहनाहरु हुन यिनको सौन्दर्य परिवर्तनको संबाहक हो र यही नै क्रमिक विकासको बाटो हो। विश्व प्रसिद्ध वैज्ञानिक चाल्र्स डारविनको क्रमागत उन्नति (इभोल्युसन) सिद्धान्तले "वर्तमान समाज विगत परिवर्तनको परिणाम भन्दै समाज परिवर्तन अपरिहार्य हो जुन निरन्तर एवं क्रमागत रूपमा चरण वा विनाचरण सरलबाट जटिलतर्फ उन्मुख हुदै जान्छ भन्ने धारणा राख्दछ र चुनौति तथा प्रतिक्रियाको सिद्धान्तले समाजको चरणबद्ध रूपमा परिवर्तन हुने विश्वास गर्दछ। यसरि क्रमिकरुपमा हुने संस्कृतिको विकासले देसको विकासलाई निर्देशित गर्दै गई रहेको हुन्छ।

पर्यटनको विकासको माध्यमबाट विश्व परिवेशमा रहेका विभिन्न स्थान, परम्परा, जातजाति, संस्कृति, भाषा, र ऐतिहासिक महत्वका विषयहरूका सम्बन्धमा जानकारी प्राप्त हुन्छ। पर्यटन प्रवर्धनकालागि प्रायः सम्बन्धित निकायहरूले अहिले यस्ता संक्षिप्त जानकारीहरू वेभसाइटहरूमा (website) समेत दिने हुँदा विश्वको एक कुनाको बारेमा अर्को कुनाका मानिसले घरैमा बसेर यस्ता विषयमा ज्ञान हासिल गर्न सक्छन् भने त्यसै अभिरुचिले थप जानकारी लिने, हेर्ने, देख्ने वा प्रत्यक्ष अनुभूति राख्ने इच्छा प्रकट हुन जान्छ र पर्यटकीय गतिविधिलाई बढाउँछ जस बाट राष्ट्रलाई स्वाभाविक रुपमा आर्थिक विकासमा योगदान दिने गर्दछ। सामान्यतया पर्यटनका कारण मानिसले आफूभन्दा भिन्न भाषा, धर्म, समाज, संस्कृति, परम्परा, रीतिरिवाज एवं त्यस देश वा स्थानको नियम कानुन लगायतका विषयमा ज्ञान एवं जानकारी समेत गराउने भएकोले सांस्कृतिक पर्यटनको विकासमा यसले महत्वपूर्ण भूमिका निर्बाह गर्दछ। संस्कार, संस्कृति र सभ्यताले सुसज्जित विकास नै समुन्नत विकास हो।

**उपसंहार:**

हालसम्म नेपालमा पर्यटनको मुख्य आधार प्राकृतिक सुन्दरता र विविधतामा सीमित रहको छ। पर्यटन क्षेत्रलाई थप आर्थिक समृद्धिको रूपमा हासिल गर्ने हो भने, यहाँको प्राकृतिक विविधता र सांस्कृतिक विविधतालाई एकै सिक्काको दुई पाटाको

रूपमा विकास गर्नु जरुरी छ। जातिगत विविधता अनुसार सांस्कृतिक सङ्ग्रहालय, होमस्टे, सांस्कृतिक नृत्य, परम्परागत खानपान र भेषभूषाको विकास र संवर्द्धन गर्दै तिनलाई पर्यटनसँग जोड्न सकिए नेपाल पर्यटकीय गन्तव्य मात्रै नभएर अध्ययन र अनुसन्धान गर्ने थलोको रूपमा समेत विकसित हुने देखिन्छ । "संस्कृति हराए पहिचान हराउँछ, पहिचान हराए अस्तित्व लोप हुन्छ " भन्ने उखान ज्यादै महत्त्वपूर्ण मान्न सकिन्छ। संस्कृतिको संरक्षण तथा संवर्द्धन सँगै समृद्धि हासिल गर्न सांस्कृतिक पर्यटनको विकासलाई जोड दिन आवश्यक देखिन्छ। हाम्रा राष्ट्रिय सम्पदाहरु, पुरातात्त्विक भवन स्मारकहरु, महत्त्वपूर्ण धार्मिक स्थलहरु तथा हाम्रा बिंविध कला संस्कृतिहरुमा पर्यटकको आकर्षण बढाउन त्यस्ता क्षेत्रहरुमा सहज यातायातको पहुच, सुरक्षित बास स्थानको व्यवस्था, संचार प्रविधिको व्यवस्थापन तथा बजारको विकास गर्नै पर्ने हुन्छ। त्यसलाई हामीले सांस्कृतिक पर्यटनको विकास नै राष्ट्र विकासको आधार हो भन्ने मानेका छौ। सांस्कृतिक पर्यटन क्षेत्रको विकासबाटै राष्ट्रको समुच्च विकास गर्न सकिन्छ भन्ने विश्वास गरेका छौ!!

**सन्दर्भ सूची**


Greg, R., (2000), Cultural Tourism; Global and Local Perspectives, London: The Haworth Hospitality Press.

Kunwar, R. R., (2006). Tourists and Tourism science and Industry Interface, Kathmanau Dillibazar: International school of Tourism and Hotel Managemat.

Nepal Tourism statistics 2022, Govt of Nepal Ministry of culture, Tourism & civil Aviation, 2023

Regmi, D. R., (1966), Ancient Nepal, Calcutta: Firma K. L. Mukhopadhyay.

Satyal, Y. R., (1988). Tourism in Nepal a profile, Varanasi: Nag Publishing House.

Shrestha, H. P., (2000), Tourism in Nepal- Marketing Challenges, New Delhi: Nirala Publication.

दुरा, यमबहादुर, (वि.सं. २०७७). गोरखा पत्र दैनिक, २०७७ आश्विन २७ गते ।

नेपाल सरकार (वि.सं. २०७२). नेपालको संविधान २०७२, काठमान्डौ: नेपाल सरकार

नेपाल सरकार पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, (वि.सं. २०६५), नेपाल सरकार पर्यटन निती २०६५, काठमान्डौ: नेपाल कानून आयोग ।

नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, (वि.सं. २०६७), नेपाल सरकार संस्कृति निती २०६७, काठमान्डौ: नेपाल कानून आयोग ।

नेपाल सरकार अर्थ मन्त्रालय, (वि सं. २०८०), नेपाल सरकारको आर्थिक सर्ब्रेक्षण २०७९/८०, काठमान्डौ: मुद्रण विभाग सिंह दरवार ।

पन्त, डा . शाष्त्र दत्त, (वि सं २०६८), हिमाली राष्ट्रिय निकुन्ज र पर्यटन विकास, काठमाण्डौ: ग्रामिण विकास प्रतिस्ठान (सिरुड) ।

शर्मा भूमेश्वर र सुमन खरेल, (वि.सं २०६८), ग्रामिण पर्यटन, काठमाण्डौ: न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

क्षेत्री गणेश तथा रामचन्द्र रायमाझी, (वि.सं. २०६१), पर्यटनः विकास र व्यवस्थापन, काठमान्डौ: एसिया पब्लिकेशन ।


**वेबसाइटहरु**


https://www.mof.gov.np

https://censusnepal.cbs.gov.np

https://www.tourism.gov.np/

https://www.tourismdepartment.gov.np/statistic

https://en.m.wikipedia.org/wiki/Cultural_tourism